# जूनका टुक्रामा भरिएका अमूल्य रत्नहरु

## पुस्तक टिप्पणी

**पूर्ण बस्नेत**


नेपाली र अंग्रेजी दुबै भाषामा एकैपटक प्रकाशित मुक्तक साहित्य विधाका पारंगत स्रष्टा मुक्तकमणि तिर्थराज अधिकारीका हृदयस्पर्शी मुक्तकहरुका रसास्वादन गर्ने अवसर मिल्यो । यो अंकमा तिनै खदिला मुक्तकहरुको झंकारले जुन अनुभूति दिलाएको छ, यो टिप्पणीमा तिनै भाव पोख्ने जमर्को गरेको छु । मुक्तकको प्रारम्भमै जीवनप्रतिको आशावाद, स्वच्छन्द र प्रेमिल भाव पोखिएको छ । यसले स्रष्टाको जीवन्त जोश, सिर्जना गरिरहने उत्साह र साहित्य सिर्जनाको अटुट प्रेमलाई अभिव्यक्त गरेको छ । यद्यपि प्रथमदेखि अन्त्यसम्मका हर एक मुक्तक उत्तिकै आभूषणका विभिन्न मोति एवं रत्नहरुले जडित छन्, तथापि पहिलो मुक्तक पनि यहाँ बाँड्न मन लाग्यो । मुक्तकमणि अधिकारी लेख्नुहुन्छ-

*कतै छलिएर अप्सरा नै यो धरतीमा पसेझैं लाग्छ*
*तिनी नै सुटुक्क मेरो छेउँमै आएर बसेझैं लाग्छ*
*अँधेरी रातमा झिलमिल जुनकिरी चम्किएको देख्दा*
*पूर्णिमा पछिका जूनका टुक्रा यसै खसेझैं लाग्छ ।*

स्रष्टाले यही पृष्ठमा देशभक्तिको भाव पनि पोख्नुभएको छ । विदेशी रंगभन्दा हाम्रै पाखा पखेराका कमेरो माटोको रंग कडा छ, विदेशी प्लेटहरुमा खानुभन्दा आफ्नै बनमा भएका पातबाट दुना बनाउँछु, तर अरुकहाँ हात फैलाउँदिन, बरु आफ्नै स्वदेशमा बनेको, आफ्नै घरमा बुनेको घरबुना लगाउँछु भनेर स्वदेशी उत्पादन या स्वदेशका असली वस्तुहरुमा जोड दिनुभएको छ । साहित्यकार जहिले पनि सामयिक विषयवस्तुप्रति सचेत रहन्छ । नेपालमा भ्रष्टहरुको सूचि बनाउने हो भने लामै फेहरिस्त बन्न सक्छ । ती नेता हुन सक्छन्, ती कर्मचारी हुन सक्छन् अनि व्यापारी हुन सक्छन् । त्यस्ता व्यक्तिहरुलाई ऐना अघि नजान अधिकारीको चेतावनी छ, यदि गए भने सर्वांग नांगिने कुरा उहाँले खबरदारी गर्नुभएको छ । यो मुक्तक पढ्दै गर्दा अहिले नेपालको अन्तर्राष्ट्रिय विमानस्थलबाट सय केजी सुन निकाल्दै गर्दा बडे बडे नामहरु संलग्न हुन सक्ने समाचारहरु आएका छन् । यिनी भ्रष्ट, खराब आचरणका व्यक्तिहरु समाजमा हिजो पनि थिए र आज पनि छन्, उनीहरुलाई लक्षित गरेर वहाँको मुक्तकले यसरी खबरदारी गरेको छ-

*राम्रो लाउनुहोला, मीठो खानुहोला*
*सके जति लुटी-लुकाई लानुहोला*
*होस गर्नुहोस् ! सबै छर्लंग पारिदिन्छ उसले*
*भुलेर पनि दर्पण अगाडि नजानुहोला ।*

जीवनमा असल संगतमा रहनु आवश्यक रहेको सत्प्रेरणायुक्त मुक्तकमा स्रष्टा अधिकारीको सुझाव यस्तो छ- लेकाली वासिन्दाको पछि लाग्दा टुसा भेटिन्छ, त्यस्तै प्रातःकालमा पूर्वतिर यात्रा गर्दा विहानीको लाली उषा भेट्न सकिन्छ, यसर्थ जीवनमा पनि कसैकोपछि लाग्नु परे बाघजस्तो हिम्मतिलो, फूर्तिलो प्राणीको पछि लाग्दा उत्तम हुन्छ, बिरालाजस्ता प्राणीको पछि लाग्दा त केवल मुसा मात्र भेटिन्छ । मुक्तकमणि अधिकारीका मुक्तकहरुमा पाइने अर्को विशेषता भनेको हाँस्य र व्यंग्य रस पनि हो । मुक्तकमा थप प्राण भर्न वहाँ आफैलाई पात्र बनाएर आफ्नै मजाक उडाउन पनि पछि पर्नु हुन्न । 'विचरा तीर्थे केराको बोक्रामा टेकेर चिप्लिए' वहाँको बहुचर्चित मुक्तक हो । केही ठाउँमा वहाँ स्वयंले वाचन गरेर साहित्यनुरागी मनहरुको वाह वाही लुट्नुभएको छ । गीताको सारलाई स्रष्टाले अर्को मुक्तकबाट संक्षेपीकरण गर्नुभएको छ । आज हामी यो पाउन, त्यो पाउनका लागि ठूलो स्वर गर्छौं, लडाइँ, झगडा गर्छौं । हामीमा त्रास छ, भय छ, केही गुम्ने डरले गर्दा, हामीलाई नै हामी बेग्लै किसिमको दुनियाँमा छौं कि भन्ने अभिमान छ हामीलाई, तर अन्तिम हरफले फेरि भनेको छ, तपाईंसँग के थियो र के हराउनुभयो ? भनेर यो भ्रमको जालो, जो एक समयपछि निरन्तर मान्छेको दृष्टिमा परिरहन्छ, त्यसलाई सफा गर्नु आवश्यक छ । यो लोकमा दुई थरि मान्छे छन्, एक पीडक र अर्को पीडित । जीवनमा कहिलेकाहीँ अनीतिसँग पनि बहनुपर्ने तीतो सत्यलाई पृष्ठ १४ मा श्रृंखलावद्ध गरिएको छ । यसर्थ सज्जनहरु यसतर्फ अलि सतर्क रहनुपर्ने स्रष्टाको सुझाव छ। एक समय यस्तो पनि आउँछ, जब स्वधर्म अशक्त भएको हुन्छ अनि त्यो समय नै सज्जनहरुले कष्ट सहनुपर्ने नियति आइलाग्छ भनेर दिव्यदृष्टि त्यतातिर राख्न वहाँको सुझाव छ। आजको डिजिटलाइज्ड समयमा भर्चुअल साथीहरु प्रशस्तै हुने तर भौतिकरुपमा भेट्न, उनीहरुसँग समय बिताउन समय नहुने या फेसबुके साथीहरु केवल आफूले आर्जन गरेका सम्बन्ध भए भनेर भन्नु भएको छ। विषयको ज्ञानले गर्दा वहाँका मुक्तकहरु निकै खँदिला छन् । कुनै कुनै वस्तुमा उसको आफ्नै मौलिक गुण नहुने कुरालाई पृष्ठ १८ मा भएको मुक्तकले प्रस्ट पारेको छ । जस्तोकी, माधुर्य स्वर निकाल्ने मुरलीको आफ्नै कुनै स्वर भने हुँदैन, भेडाको शरीर ढाक्ने रौं प्रशोधन नगरेसम्म ऊन नबन्ने सत्य र त्यो दृष्टिकोणबाट विषयवस्तुलाई हेर्न सक्नु मुक्तककारको अद्वितीय कला हो । एकभन्दा अर्को मुक्तक अब्बल हुँदै गर्दा पृष्ठ २० को मुक्तकमा एउटा यस्तो भाव व्यक्त गर्नुभएको छ । राम र रावणको प्रारम्भको अक्षर एउटै छ, ओबामा र ओसामा बिन लादेनको पनि त्यही नै छ




। तर मुक्तकले समानताभित्रको तत्वगुणलाई यसरी व्यक्त गरेको छ-

*हरेक पदार्थ सेतो हुँदैमा पक्कै चुन हुँदैन*
*पालिस लाउँदैमा पित्तल कदापि सुन हुँदैन*
*रुपको समानताले मात्र केही भन्न मिल्दैन साथी !*
*उस्तै देखियोस् चिनी गुलियो हुन्छ, नुन हुँदैन*

एउटा अर्को मुक्तक सजिएको छ, पृष्ठ २६ मा । कहिले काहीँ वस्तु र वस्तुको आवरण अत्यन्त मनमोहक, चम्किलो, आकर्षक हुन्छ, तर त्यहीभित्रको चिज त्यत्ति आकर्षक नहुन सक्छ । भित्रको वस्तु अझ बिझाउने हुन सक्छ । मुक्तककारको उक्त मुक्तकले सानो खाम सुन्दर भएर के गर्नु ? त्यहाँभित्रको चिठीको व्यहोराले मन डढाएपछि भनेर यही विषयलाई मीठो गरी पस्केको छ। आजको समय भाइरल हुनेको छ। टपर्टुयुइँयाहरुको चर्चा छ, निम्छरो ज्ञान र उट्पट्याङ हर्कतले उनीहरु 'चर्चित' भएको नाटक गर्छन् । तर ज्ञानी, विद्वानहरु कुनै छापाखाना, पत्रिकाको कार्यालय धाउन नसकेको, गायक बन्नलाई सुरिलो स्वर पनि नभएको या त आफ्ना कुरा काट्ने मान्छेको कमीले गर्दा होला कहिले पनि चर्चामा आउन सकिएन भनेर थोरै व्यंग्य पनि कस्नु भएको छ पृष्ठ ३० को पहिलो मुक्तकमा । एकदमै छोटा शब्दमा कसिलो, मनमै छुने मुक्तक लेख्ने कला पनि लेखकमा एकदमै छ । पृष्ठ ३२ मा भएको दोश्रो मुक्तकले वहाँको यही क्षमताको बखान गर्दछ । डुब्न लागेपछि आडम्बर, धन, घमण्ड या अरु कुनै अहंकाररुपी टुप्पी छ भने त्यसलाई समातेर बस्नु हुँदैन, किनभने त्यहाँ इज्जतरुपी नाक डुबिसकेको सांकेतिक मुक्तकका रुपमा उक्त मुक्तकलाई लिन सकिन्छ ।

*न घाम न छायाँ*
*न दायाँ न बायाँ*
*नाकबाटै पानी पसेपछि*
*टुप्पीको के माया !*

सद्गुणी र असल कसरी बन्ने एउटा अर्को मुक्तकले सविस्तार गरेको छ । केही कुरा सुनेर, केही घटना देखेर, केही थाहा पाएर तुरुन्तै आवेगमा आउनु एक विचार हुन सक्छ । त्यसपछि त्यो घटना, कुराको परिणाम थाहा पाउनु अर्को विचार हुने भयो । कुनै न कुनै घटना र विचार आफैमाथि हावी हुन्छन्, तर सबैभन्दा उत्तम विचार चाहिँ तिनीहरुलाई तह लगाउन सक्नु हुने तर्क मुक्तककारको छ । त्यस्तै पृष्ठ ४० मा भएको अर्को मुक्तकले पनि कर्म गर्न नहुने, आलस्य त सुमार्गको बैरी हो, जीवनमा परिश्रम गर्न सके मात्र सौभाग्य आउन सक्ने, आफैमा निरुत्साहित हुने मान्छेलाई भाग्यले पनि साथ छोडिदिने उल्लेख गर्नुभएको छ । आफू तल परेमा सबैले हेप्ने, तिनै तिकडम गर्नेहरु आफूलाई सक्षम ठान्ने र दलदलमा फसेको हात्तीलाई भ्यागुताले पनि लात्ती हानेझैं जीवनमा मानिसलाई अप्ठेरो परेको बेला हाँस्ने मान्छेको कमी हुँदैन भनेर गजबको पात्र र उदाहरण समातेर पृष्ठ ४२ मा अर्को उत्कृष्ट मुक्तक सजाउनुभएको छ । पहिले र अहिले पनि समाजमा कुरा काट्नेहरुको कमी छैन, यसले कदापि कसैको हित गर्दैन । कुरा काट्नलाई समय बर्वाद हुन्छ र त्यो काम अपवित्र हो भन्ने ज्ञानसहितको सुन्दर मुक्तक पृष्ठ ४६ मा सजिएको छ । संकटमा जसले साथ दिन्छ, ऊ सच्चा मित्र हुने र ऊ नै हरदम आफ्नै दिलभित्र विराजमान हुने कुरा वहाँले उल्लेख गर्नुभएको छ । फेरि त्यही मित्रको किन न्दिा गर्नु ? निन्दा शब्द सुन्दैमा अपवित्र हुने कुरा मुक्तककारले सुझाउनुभएको छ । देश र समाजप्रति लेखक चिन्तित हुनुहुन्छ । समाज, देश परिवर्तन गर्छौं भन्ने ढोंगीहरुको हातमा गएको देख्दा वहाँ दुःखी हुनुहुन्छ । पृष्ठ ५० को मुक्तकमार्फत् उक्त परिस्थितिलाई यसरी नियाल्नुहुन्छ-

*पटक्कै जिम्मेवारी नलिनेको हातमा साँचो छ*
*कसैलाई मौकामा बटोल्न र सोहोर्नै माचो छ*
*जादु र नाटकले दुनियाँमा परिवर्तन हुँदैन साथी*
*उच्च निष्ठा, दृष्टि र गहिरो चिन्तनको खाँचो छ*

यस्तै भावको मुक्तक पृष्ठ ८० मा पनि सुसज्जित छ। शिष्ट र संस्कारित


मुक्तकमणि तिर्थराज अधिकारी

व्यक्ति मात्र शोभनीय देखिने सत्यलाई लेखकले लिपिवद्ध गर्नुभएको छ। हरेक आवधिक वर्षमा चुनाव हुन्छ। नेताहरु संसद भवन प्रवेश गर्छन्, तर त्यहाँ जनताका आवाजहरु सुन्ने कुरामा कञ्जुस्याइँ हुन्छ। पृष्ठ ५२ को मुक्तकले त्यही अवस्थालाई वर्णन गरेको छ। सदनको ढोकामा राखिएको घण्टी कतै बिग्रिएको त छैन भनेर उहाँले व्यंग्य मिश्रित प्रश्न गर्नुभएको छ । त्यस्तै अहिले योग्य व्यक्ति चुनावमै नउठेपछि आफ्नो अमूल्य मत जानी जानी खेर फाल्नुपरेको तीतो यथार्थपरक मुक्तक पृष्ठ ९६ मा क्रमवद्ध गर्नुभएको छ। प्रजातन्त्र घायल भएको वैद्यहरुलाई सञ्जीवनी खोज्न अनुरोध गरेको मुक्तक पृष्ठ १०४ मा छ। पृष्ठ ५८ को मुक्तकले मानवजातिको सत्य अवस्थालाई बेजोडले मुखरित गरेको छ । करोडौं प्रजातिका सजिव यो पृथ्वीमा बसोवास गरे तापनि मानिस मात्र यस्तो प्राणी हो, जसलाई उपार्जन गर्नुपर्ने वाध्यता छ । उसले खेती गर्नुपर्छ । पैसा कमाउनुपर्छ । धन सञ्चय गर्नुपर्छ । यसर्थ यो आफैमा व्यंग्य जस्तो लाग्छ । ऊ नै बुद्धिमानी मानिस भन्छ, सबैभन्दा दुःख फेरि मानिसलाई नै छ । तर त्यही भित्रमा पनि लेखक अधिकारीको हृदय कस्तो छ भन्ने पृष्ठ ६२ को मुक्तकबाट थाहा लाग्छ । उहाँले आफ्नो बारेमा, आफू कसैको खल्तीको भोट नभएको स्पष्टता यसरी दिनुभएको छ-

*न म कसैको थैलीमा छु, न गोजीमा छु*
*जीवन्त जीवन आफै जिउने रोजीमा छु*
*खानतलासी लिएर कतै नखोज्नु मलाई*
*म त एउटा मौलिक मनको खोजीमा छु ।*

पृष्ठ ६८ को मुक्तकले बजारमा विद्यमान मिसावटको अपराधधन्दा माथि प्रहार गर्दै कम्तीमा सपना त शुद्ध देख्न पाउँ भन्ने कामना गरेको छ। प्रौढ उमेरको बाध्यतालाई पृष्ठ ११० को मुक्तकले मार्मिक ढंगले प्रस्तुत गरेको छ। बुढ्यौलीमा उमेरमा ईश्वर भाकेर बस्ने, काल पर्खेर बस्नेहरुसँग आँखामा समुद्रबाहेक के छ र ? तपाईं माग्न आउनुभएको भनेर हृदयस्पर्शी हरफहरु पंक्तिवद्ध छन् । पृष्ठ १२० को मुक्तकले पनि यही भावको आशय व्यक्त गरेको छ। जिन्दगी पूरानो हुँदै जाने हो, यसलाई नयाँ जिल्द हालेर सिउन नसकिने लेखकको कथन छ। मुक्तककार तिर्थराज अधिकारीको गजबको विशेषता भनेको श्रृंगाररसका मुक्तकमाथिको कलम हो । पृष्ठ १३८ को मुक्तकले अर्को एउटा बेजोडको श्रृंगारिक भाव पस्केको छ। प्रेयसी चन्दन हुँदा तिलक भएर सकिने, वरदान भए तपस्वीलाई दिएर सकिने, सराब भए हर दिन पिएर सकिने, तिमी धन्न फूल भएर आँखामा बसेकी छ्यौ भनेर गहिरो प्रेमिल भाव व्यक्त गर्नुभएको छ । फूलहरुसँग दाजेँर पृष्ठ १४२ मै उस्तै भावको अर्को मुक्तक सजिएको छ । पृष्ठ १५४ को मुक्तकले जस्तो कर्म गर्छौ उस्तै फल पाउँछौ भनेर सन्देश दिएको छ। तोरी पेल्ने मान्छेले अवश्य पनि हातमा चिल्लो पाउँछ, मन्दिर धाउनेले प्रसाद पाउँछ, फूल बेच्नेले हातमा वास्ना पाउँछ, अनि जस्तो कर्म गर्छ मान्छे, त्यही अनुसारको फल पनि पाउँछ । यस्तै सारगर्भित मुक्तकहरुले पुस्तक भरिपूर्ण बनेको छ । एकै बसाईमा पनि पढ्न सकिने यो कृति पढिरहँदा प्रेमको चंचल भाव, नेताहरुलाई व्यंग्यभाव, जीवनदर्शनका प्रेरक कुरा, अनुभवका आधारमा लेखकले सिक्नुभएका विविध ज्ञानलगायतका अन्य केही आयामिक विषयको आनन्द लिन सकिन्छ । यो कृतिमा केवल मुक्तक नेपाली भाषामा मात्र छैनन्, सम्पूर्ण मुक्तकहरुको अंग्रेजी अनुवाद छेउँकै अर्को पेजमा गरिएको छ। सम्पूर्ण मुक्तकहरुको अनुवाद भोजराज न्यौपानेज्यूले गर्नुभएको छ । यसर्थ यो विदेशी एवं अंग्रेजी सहज हुने जुनसुकै पाठकले पढ्न योग्य छ । विविध विषयमा उत्तिकै गहिरो ज्ञान राख्दै लेखिएका यी मुक्तकहरुको एक एक गरी टिप्पणी यो सानो लेखमा गर्न सकिएन । तर सारमा मुक्तकमणि तिर्थराज अधिकारीका मुक्तकहरु एक से एक उम्दा र शब्दको गहनताले घनिभूत छन् । मुक्तकमणिका यी सिर्जनाहरु, हिरा, मोति, मणि, पन्नालगायतका अन्य बहुमूल्य रत्न हुन् । पहिला तीन हफरमा जुन खालको सविस्तार छ, यसलाई मैले घुँयत्रोमा तीन फन्का लगाएजस्तो ठानेको छु, र, अन्त्यमा जुन चोटिलो प्रहार छ, त्यसले जसरी लक्ष्य भेदन गर्छ, उसैगरी मुक्तकको अन्तिम हरफले हृदयमा स्पर्श गरी छोड्छ, ओठमा मुस्कान ल्याइछोड्छ र पाठकमा अमिट छाप छोड्न सफल हुन्छ । अधिकारीका यी मुक्तकहरुमा अन्तिमको लाइनमा ढुंगा होइन, फूल छ, जुन फूल बेगले गएर पाठकको हृदयमा लाग्छ र पाठकहरुले सुखानुभूति गर्नुहुन्छ । मैले यसलाई मुक्तक आकाशमै पढ्नै पर्ने कृतिका रुपमा बुझेको छु । यो काव्यिक उपहारका लागि मुक्तकमणि तिर्थराज अधिकारीज्यूमा हार्दिक आभार ।